SPOTLIGHT
NEWS MAGAZINE

# Parliament Member Chaudhary Opens Water Filter System

***Chairperson of Chaudhary Foundation and Member of Parliament Binod Kumar Chaudhary inaugurated water filter system at National Adharbhoot School Meghauli, ward no 28 of Bharatpur Metropolitan City.***

- By
- NEW SPOTLIGHT ONLINE

June 15, 2018, 11:07 a.m.



hairperson of Chaudhary Foundation and Member of Parliament Binod Kumar Chaudhary inaugurated water filter system at National Adharbhoot School Meghauli, ward no 28 of Bharatpur Metropolitan City.

This system will supply safe and pure drinking water to the students, teachers and local community of the area. Built by using latest technology, the filer system is first of its kind in the region.




Addressing the program Chairperson of Chaudhary Foundation and MP Chaudhary said that social service is his first and foremost priority. He expressed his happiness to install a plant to distribute safe drinking water to the people. He reminded that the foundation has been supporting in the areas of education to directly benefit children.

According foundation, one million rupees was spent to install the system. Foundation also decorated the old school building. Headmistress of the school Sobha Kumal thanked Foundation for supporting schools providing drinking water facilities.

Story Link: [https://www.spotlightnepal.com/2018/06/15/parliament-member-chaudhary-opens-water-filter-system/](https://www.spotlightnepal.com/2018/06/15/parliament-member-chaudhary-opens-water-filter-system/)

नवलपुर एफ.एम १०४.७ मेगाहर्ज

# चौधरी उद्योग ग्रामको आर्थिक सहयोगमा देबचुलीका ३ बिद्यालयहरुमा निर्माण गरिएका  खानेपानी प्रशोधन प्रणाली .हस्तान्तरण



नवलपुर असार ३

शिक्षित समाजको बिकास नभए सम्म देशले फड्को मार्न नसक्ने उद्योगपति एवम् प्रदेश नम्वर ४ का सांसद विनोद चौधरीले बताउनुभएको छ ।




शनिबार चौधरी उद्योग ग्रामको आर्थिक सहयोगमा देबचुलीका ३ बिद्यालयहरुमा निर्माण गरिएका  खानेपानी प्रशोधन प्रणाली .हस्तान्तरण समारोहमा बोल्नुहुदै उहाँले देशमा निजी विद्यालयहरुको स्थापना भएता पनि  देशलाई माथि उकास्न सरकारी विद्यालयले नै मुख्य भुमिका खेलेकोमा प्रष्ट पार्नुभयो ।



चौधरी फाउन्डेसनको सहयोगमा बर्दघाट सुस्ता पुर्व नवलपरासी देबचुलीका ३ वटा सरकारी विद्यालयमा निर्माण गरिएका  खानेपानी प्रशोधन प्रणालीको शनिबार उद्धघाटन गरिएको  छ ।




शनिबार उधोग पति एवम् प्रदेश नम्वर ४ का सांसद विनोद चौधरीको प्रमुख आतिथ्यतामा एक कार्यक्रम गरि देवचुली नगरपालिका ४ झाक्रेको श्री शान्ति सृजना आधारभुत विद्यालय ,देवचुली ५ को सकलादेवि माध्यमिक विद्यालय , र देवचुली १ बोटेटोलको नवजागरण आधारभुत विद्यालयमा खानेपानी प्रशोधन प्रणालीको उद्धघाटन गरिएके हो । यस्तै शान्ति सृजना आधारभुत विद्यालयमा चौधरी उद्योगकै सहयोगमा डिजिटल कक्षा पनि सञ्चालनमा आएको छ ।



तिनै विद्यालयको आयोजनामा आयोजित खानेपानी प्रशोधन प्रणाली हस्तान्तरण कार्यक्रममा बोल्नुहुदै चौधरीले पछिल्ला दिनहरुमा पनि विद्यालयमा परेका समस्या समाधानको मागलाई सहजताका साथ स्वीकार गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभएको छ ।



खानेपानी प्रशोधन प्रणालीको निर्माण संगै विद्यालयका बालबालिकाहरुले स्वस्थ पानि पिउन पाउने भन्दै विद्यालयका सम्पुर्ण कार्य समितिले खानेपानी प्रणालीको ब्यवस्था गरिएको प्रति चौधरी उद्योग परिवारलाई धन्यवाद ज्ञापन गरेका थिए ।




Story Link: http://www.nawalpurfm.com.np/news-details/997/2018-06-17

सेतोपाटी
नेपालको डिजिटल पत्रिका

# चौधरी फाउण्डेसनको मेघौलीस्थित विद्यालयलाई शुद्ध खानेपानी सेवा

**सेतोपाटी संवाददाता** काठमाडौं, जेठ ३१



चौधरी फाउन्डेसनले चितवनको मेघौलीस्थित राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थी, शिक्षक र स्थानीयका लागि शुद्ध खानेपानी सेवा उपलब्ध गराएको छ।

अन्तर्राष्ट्रिय प्रविधिको 'वाटर फिल्ट्रेसन सिस्टम' जडान गरि उक्त विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था मिलाइएको फाउन्डेसनले जनाएको छ।

फाउण्डेसनका अनुसार करिब १० लाख रूपैयाँ लागतमा उक्त खानेपानी सिस्टम जडान गरिएको हो ।

जसबाट २४ सै घण्टा शुद्ध खानेपानीको व्यवस्था मिलाइएको छ।

फाउण्डेसनका अध्यक्ष एवं सांसद विनोद चौधरीले विहिबार विद्यालयमा आयोजित एक समारोहकाबीच 'वाटर फिल्ट्रेसन सिस्टम'को उद्‌घाटन गरे। उक्त अवसरमा उनले समाज सेवा आफ्नो कार्यसूचीको पहिलो नम्बरमा रहेको बताए।

'देशको उज्यालो भविष्यको आधार तयार गर्न शिक्षा र बालबालिकामा नै पर्याप्त लगानी गर्नु जरूरी छ, जसबाट भोलिको नेपाल अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन सम्भव हुनेछ' उनले भने।

*प्रकाशित मिति: बिहिबार, जेठ ३१, २०७५, ०७:११:००*

Story Link: https://setopati.com/kinmel/others/161806